## NMB Bank signs MOU to support returnee migrant

NMB Bank has signed a tripartite agreement with National Youth Council and Returnee Migrant Nepal with the objective to promote youth entrepreneurship and to provide subsidized loan to returnee migrants in predominant sectors – agriculture, tourism, forestry, medicinal herbs, minerals, hydro and science and technology.

The three parties shall work to support in implementation of the Ministry of Finance – Government of Nepal's initiative to provide interest subsidy loan to promote entrepreneurship amongst the youth in the productive sector thereby opening avenues to generate employment/ self-employmentopportunities amongst the youth.

The terms of the MOU dictate that, in accordance with the Integrated Working Procedure for Subsidised Credit 2018, subsidized loan upto maximum of NPR.10 lakhs shall be availed to eligible returnee migrants in coordination of Nepal Youth Council upon recommendation of Returnee Migrant Nepal.  The Bank shall also avail loans in sectors apart from the ones listed under the Subsidized Loan scheme. Additionally, the Bank shall also establish an Advisory Service Desk to provide advisory services to prospective customers, support in enhancing technical skills, introduce savings and loan products specifically designed for returnee migrants.

All three signatory institutions believe that this initiative will encourage migrant workers abroad to return home and utilize the skills acquired to generate employment opportunities and support in building a prosperous Nepal.

# <u>बिदेशबाट फर्केका यूवालाई एनएमबिको साथ</u>

एनएमबि बैंक लिमिटेड, राष्ट्रिय युवा परिषद र रिटर्नी माइग्रेन्ट नेपालबीच बैदेशिक रोजगारबाट फिर्ता भएका व्यक्तिलाई लक्षित गरि नेपालको मौलिक पहिचान, कृषि, पर्यटन, वन, जडिबुटी, खनिज तथा जलश्रोत र विज्ञान तथा प्रविधि क्षेत्रहरुमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने र युवा उद्यमशिलता प्रवर्धन गर्ने उद्देश्यका साथ त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

यस अन्तर्गत तीनै पक्षहरुले आपसी सहकार्यमा नेपाल सरकार, मन्त्रि परिषदबाट स्वीकृत भई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" कार्यान्वयनमा सहयोग पुऱ्याउने र उद्यमशीलताका माध्यमबाट युवालाई उत्पादनसँग जोडी रोजगारी तथा स्वरोजगारको अवसर श्रृजना गर्ने योजना रहेको छ ।

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम योग्य रहेका बैदेशिक रोजगारबाट फिर्ता भएका व्यक्तिलाई राष्ट्रिय युवा परिषदको समन्वयमा रिटर्नी माइग्रेन्ट नेपालको सिफारिसका आधारमा बैंकले **प्रति व्यक्ति अधिकतम रु. १० लाखसम्म परियोजना धितोमा** कर्जा प्रवाह गर्ने गरि त्रिपक्षीय संझौता गरिएको हो । त्यसैगरि, बैदेशिक रोजगारबाट फिर्ता भएका व्यक्तिलाई सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ भित्र नपर्ने कर्जाहरुको हकमा समेत बैंकले त्रीपक्षीय संझौता बमोजिम कर्जा प्रवाह गर्नेछ । सोका अलाबा बैंकले त्यस्ता संभावित ऋणीहरुलाई परियोजना संचालनका लागि सुझाब तथा सल्लाह प्रदान गर्ने, आवश्यक तालिमको व्यवस्था गर्ने, त्यस्ता यूवाहरुलाई लक्षित गरि निक्षेप तथा कर्जाका प्रोडक्टहरु बनाउने र बजारको पहुँचलाई सहजिकरण गराउने तर्फ केन्द्रीय स्तरमा एक छुट्टै डेस्कको स्थापना गरि बैंकका शाखाहरु मार्फत सेवा प्रदान गरिने छ । विदेशमा छरिएर रहेका युवा जनशक्ति स्वदेशमै फर्किन प्रेरित गर्ने र त्यहाँ आर्जित सीपलाई आफ्नै देशमा सदुपयोग गरि रोजगारी श्रृजना गराउँदै देशलाई समृद्धी तर्फ उन्मुख गराउन मद्दत पुग्ने तीनै पक्षको धारणा रहेको छ ।